

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नें छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



# पोखरापत्र
राष्ट्रिय दैनिक
Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १६१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ असार ९ गते आइतबार ❑ 23 June 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## 'बूढीगण्डकी आयोजनालाई बहुउद्देश्यीय आयोजनाकैरुपमा अगाडि बढाउनुपर्छ'

**पोखरापत्र संवाददाता**
गोरखा, ८ असार



पूर्वप्रधानमन्त्री एवंनेपाल (समाजवादी पार्टी)का अध्यक्ष डा बाबुराम भट्टराईले बूढीगण्डकी जलविद्युत् आयोजनालाई बहुउद्देश्यीय आयोजनाकैरुपमा अगाडि बढाउनुपर्नेबताउनुभएकोछ।

शनिबार यहाँ आयोजित पत्रकार भेटघाट कार्यक्रममा उहाँले आयोजनाको विद्यमान अवस्था जारी रहेमाआयोजनाको काम अलपत्र पर्नसक्ने खतरा रहेको छ भन्नुभयो ।उहाँले भन्नुभयो "नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनीबाट आयोजना बनाउन खोजिए बूढीगण्डकी बहुउद्देश्यीय आयोजनाका रुपमा बन्नै सक्दैन । प्राधिकरणको सहायक कम्पनीबाट बनाउने भनेको त हामीले कल्पना जुन बहुउद्देश्यीय आयोजनाको परिकल्पना गरेका छौं, त्यो सम्भव छैन। यो विषयमा गोर्खाली जनताले पनि आवाज उठाउनुपर्छ ।"

बूढीगण्डकीलाई बहुउद्देश्यीय आयोजनाका रुपमा अगाडि बढाउन बूढीगण्डकी विकास प्राधिकरण गठन गरेको निर्माण गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । "बूढीगण्डकी विकास प्राधिकरण गठन गरेर आयोजना निर्माण अगाडि बढाउन सकियो मात्र यो आयोजना राष्ट्रिय गौरवको आयोजनाकारुपमा बन्छ", पूर्वप्रधानमन्त्री भट्टराईले भन्नुभयो, "नत्र हामीले परिकल्पना गरिएअनुसार आयोजना बन्नै सक्दैन ।"

उहाँले वर्तमान सरकारले पनि बूढीगण्डकी आयोजना निर्माणको काम अगाडि बढाउन नचाहेकोसमेत बताउनुभयो । "मुख्य परियोजना बूढीगण्डकी परियोजना नै अलपत्र बन्दैछ", पूर्वप्रधानमन्त्री भट्टराईले भन्नुभयो, "प्रधानमन्त्री पुष्पकमल दाहाल नै कुनै न कुनैरुपमा नौ वर्षदेखि सत्तामा हुनुहुन्छ, चाहे आफ्नो नेतृत्वमा होस् वा अरुको नेतृत्वमा तर आयोजना पटक्कै अगाडि बढाएको देखिएन् ।"

गोरखालाई विकास र समृद्धिको मोडलकारुपमा अगाडि बढाउनुपर्ने आफ्नो चाहाना रहेको भएपनि आगामी आर्थिक वर्ष २०८१/८२ का लागि केन्द्र सरकारले बिनियोजन गरेको बजेटबाट उक्त सम्भावना नरहेको बताउनुभयो । झट्टहेर्दा गोरखामा बढी बजेट हालेको प्रचार भएपनि टुक्रे योजना मात्र परेको उहाँले बताउनुभयो ।

"गोरखाको पश्चिम क्षेत्रलाई औद्योगिक क्षेत्रका रुपमा विकास गर्ने र सँगसँगै यहाँको ऐतिहासिक, सांस्कृतिक क्षेत्रलाई जोडर धार्मिक पर्यटन तथा उत्तरी गोरखालाई साहासिक पर्यटनको जुन बढी सम्भावना छ", उहाँले भन्नुभयो, "यसलाई मिलाएर एकीकृत पर्यटनको योजना बनाउने प्रस्ताव गरेको भए पनि कुनै पनि सरकारले काम गरेन ।"

## सञ्चार क्षेत्रलाई व्यवस्थित गर्न मिडिया काउन्सिल विधेयक : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, ८ असार

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सञ्चार क्षेत्रलाई व्यवस्थित गर्न गण्डकी प्रदेश सरकारले मिडिया काउन्सिल विधेयक ल्याएको बताउनुभएको छ।

गण्डकी प्रदेश सरकारको सहकार्यमासंसदीय पत्रकार मञ्च गण्डकी प्रदेशद्वारा शनिबार यहाँ आयोजित संसदीय पत्रकार अभिमुखीकरण एवं अन्तर्क्रिया कार्यक्रममा उहाँले सञ्चार क्षेत्र सम्बद्ध सबैसँग पटकपटक छलफल गरी विधेयकलाई निष्कर्षमा पुऱ्याइएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो,"समाजलाई सकारात्मक सोचमा अघि बढाउन पनि सञ्चार क्षेत्रको महत्वपूर्ण भूमिका हुन्छ । मैले संसदीय गतिविधिलाई प्रभावकारी बनाउनका लागि पनि सञ्चार क्षेत्रबाट धेरै अपेक्षा गरेको छु । "



पछिल्लो समयमा सामाजिक सञ्जालले समग्र सञ्चार क्षेत्रको भूमिकालाई प्रभाव पारिरहेको जनाउँदै मुख्यमन्त्री पाण्डेलेयसकालागिसिङ्गोसञ्चार क्षेत्र जिम्मेवार बन्नुपर्छ भन्नुभयो ।

गण्डकी प्रदेशका निवर्तमान मुख्यमन्त्री एवं प्रमुख प्रतिपक्षी दलका नेता खगराज अधिकारीले सञ्चार क्षेत्रलाई व्यवस्थित एवं प्रभावकारी बनाउन आवश्यक छ भन्नुभयो । राजनीतिक दल र सञ्चार क्षेत्रबीच राम्रो सहकार्य हुनसकेमा त्यसले समग्ररुपमा दल र व्यवस्थालाई बलियो र जिम्मेवार बनाउन भूमिका खेल्ने उहाँको विश्वास थियो । नेकपा(माओवादी केन्द्र) संसदीय दलका उपनेता तथा पूर्वमन्त्री सुशीला सिंखडाले सत्यतथ्य समाचार सम्प्रेषणका माध्यमबाट पत्रकारिता क्षेत्रले समाजलाई सुसूचित गराउनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

संसदीय पत्रकार मञ्च गण्डकीका अध्यक्ष भरत कोइरालाले संसदीय पत्रकारितालाई प्रभावकारी बनाउनका लागि मञ्चले यस किसिमका तालिम आयोजना गर्दै आएको जानकारी दिनुभयो ।

पत्रकार रामजी दाहाल, पूर्वप्रदेशसभा सदस्यद्वय विष्णुप्रसाद लामिछाने र धनञ्जय दवाडी, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका उपसचिव प्रविण ढकाल, प्रदेशसभा सचिवालयका सूचना अधिकारी प्रेम सुवेदीलगायतले प्रशिक्षण प्रदान गर्नुहुने जनाइएको छ । तालिममा पोखरामा संसदीय समाचार सङ्कलन गर्दै आएका करिव ५० जना पत्रकारको सहभागिता रहेको छ ।

## पोखरामा 'राइड सेयरिङ' सञ्चालनमा रोक

**पोखरापत्र संवाददाता**
पोखरा, ८ असार

कास्कीको पोखरामा अनधिकृत रुपमा 'एप'मार्फत 'राइड सेयरिङ' गरी यात्रु बोक्ने कार्य तत्कालका लागि बन्द गरिएको छ । यातायात व्यवस्था कार्यालय कास्कीले उक्त एपमार्फत यात्रु ओसारपसार गर्ने कार्य तुरुन्त बन्द गर्न शुक्रबार सार्वजनिक सूचना जारी गरेको हो।

सूचनाको अटेर गरी यात्रु बोक्ने कार्य जारी राखेमा यसमा संलग्नलाई कारबाही गरिने सूचनामा उल्लेख छ । यातायात व्यवस्था कार्यालय (सवारी) पोखराका प्रमुख डिल्लीराम रिजालले कानुनविपरीतनिजीसवारीसाधनले 'राइड सेयरिङ' सेवा सञ्चालन गरिरहेको पाइएकाले त्यसलाई रोक लगाइएको बताउनुभयो ।

"अनधिकृत रुपमा एपको प्रयोग गरी यात्रु बोकेमा सवारी तथा यातायात व्यवस्था ऐनअनुसार कारबाही हुन्छ", उहाँले भन्नुभयो, "प्रकाशित सूचना अनुसार काम भए नभएको बारेमा प्रहरीको सहयोगमा कडाइका साथ अनुगमन गर्छौं ।"

गण्डकी प्रदेशमा 'राइड सेयरिङ' एपमार्फत हुने यातायात सेवालाई वैधानिक बनाउन सवारी तथा यातायात व्यवस्था नियमावली-२०८० मा व्यवस्था भए पनि नियमनका लागि कार्यविधि भने बनेको छैन । नियमावलीमा निजी प्रयोजनका लागि दर्ता प्रमाणपत्र प्राप्त चार पाङ्ग्रे तथा दुई पाङ्ग्रे सवारीसाधनले यात्रु बीमासहित तोकिएको प्रक्रिया पूरा गरेर यात्रु बोक्न पाउने व्यवस्था छ ।

साथै यातायात कार्यालयले नै सार्वजनिक सवारीका लागि भाडादर तोक्ने गर्छ । तर हाल सञ्चालनमा रहेका इन्ड्राइभलगायतका निजी सवारीसाधनले भने आफै एप बनाएर भाडादर आफै लागु गर्ने गरेका छन्, तर कानुनअनुसार यस्तो कार्य अवैध हो ।

"नियमवली बनेपछि मापदण्ड नबन्दा गण्डकी प्रदेशमा राइड सेयरिङ सेवालाई नियमन गर्न सकिएको छैन", कार्यालय प्रमुख रिजालले भन्नुभयो, "अहिले यातायात कार्यालयको अनुमतिसमेत नलिई आफूखुसी एपमार्फत यात्रु ओसारपसार गर्ने कार्य भइरहेको छ, आफै भाडा तोकेर सञ्चालन भएको छ। यातायात कार्यालयले समायोजन गर्ने गरेको भाडाबमोजिम छ कि छैन भनेर पनि निजी सवारीसाधनले हेर्ने गरेका छैनन् । गण्डकी प्रदेशमा राइड सेयरिङ सेवा गैरकानुनी छ ।"

मापदण्ड र कार्यविधि बनेपछि मात्र निजी सवारीसाधन 'राइड सेयरिङ'मा दर्ता हुन पाउने छन् । मोबाइल एपको प्रयोगमार्फत यातायात सेवा लिन सकिने 'राइड सेयरिङ'हरु पोखरामा यात्रु भने बढ्दै छन् । यहाँ यी सवारीसाधन लोकप्रिय बन्दै गएका भए पनि नियमन गर्न र वैधानिक बनाउन भने सकिएको छैन । नेपालमा पठाओ, टुटल, सहारा, इनड्राइभ, सजिलो, ट्याक्सिमान्डु, क्याब ट्याक्सीलगायत राइड सेयरिङ एप सञ्चालनमा छन् ।

गण्डकी प्रदेशको राजधानी पोखरामा कम्पनी रजिष्ट्रारको कार्यालय तथा उद्योग विभागमा दर्ता भएको इनड्राइभलगायत 'राइड सेयरिङ' चलिरहेको छ । यातायातसम्बन्धी कानुनअनुसार यसले गण्डकीमा हालसम्म वैधानिकता पाएको छैन । 'राइड सेयरिङ' सेवाका लागि दुई पाङ्ग्रे सवारीसाधन दर्ता गर्न रु २५ हजार र नवीकरण शुल्क प्रतिवर्ष रु १२ हजार पाँच सय तोकिएको छ । चार पाङ्ग्रे सवारी साधनको दर्ता तथा अनुमति शुल्क रु ५० हजार र नवीकरण शुल्क रु २५ हजार कायम गरिएको छ ।

दुई पाङ्ग्रे र चार पाङ्ग्रेको दर्ता अनुमतिका लागि रु ७० हजार र वार्षिक नवीकरण रु ३५ हजार तोकिएको छ । सार्वजनिक यातायात क्षेत्रमा यात्रु ठगिने र दुःख पाउने अवस्थाको अन्त्यका लागि 'राइड सेयरिङ'लाई वैधानिकता दिनुपर्ने माग हुँदै आएकाले राइड सेयरिङ एपहरुको नियन्त्रण र व्यवस्थापन जरुरी रहेको बताइएको छ ।

यातायात व्यवसायी महासङ्घ गण्डकी प्रदेशका संयोजक केदार पौडेलले राइड सेयरिङ सेवालाई कानुनको दायरामा ल्याउनुपर्ने बताउनुभयो । "जसलाई मन लाग्यो उसैले एप राखेर यात्रु बोक्न पाइँदैन, सरकारले नियमन गर्नुपर्छ", उहाँले भन्नुभयो, "निजी सवारीसाधनले आफूखुसी यात्रु बोकेपछि सार्वजनिक यातायात किन चाहियो ?"

## उपप्रधानमन्त्री महासेठद्वारा निर्माणाधीन मुग्लिन-पोखरा सडक अनुगमन

**पोखरापत्र संवाददाता**
दमौली, ८ असार

उपप्रधानमन्त्री तथा भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठले निर्माणाधीन मुग्लिन-पोखरा सडक योजनाको शनिबार अनुगमन गर्नुभएको छ ।

महासेठले मुग्लिन-पोखरा सडक योजना (पूर्वी खण्ड) अन्तर्गत तनहुँको आँबुखैरेनीदेखि बन्दीपुर गाउँपालिका-१ डुम्रेसम्म अनुगमन गर्नुभएको हो ।

त्यस क्रममा महासेठले आयोजनाको प्रगतिबारे चासो राख्दै बाँकी कामलाई तीव्रता दिन निर्देशन दिनुभएको छ । उहाँले पूर्वी खण्डको म्याद सकिएर पुनः थप भएकाले


**बाँकी अन्तिम पृष्ठमा ▶▶**





# पर्यटन प्रवर्द्धन समृद्धिको आधारः प्रदेश प्रमुख भट्ट

**पोखरापत्र संवाददाता**
पोखरा ८ असार

गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले पर्यटनको प्रचुर सम्भावना भएको नेपालले पर्यटन क्षेत्रको विकास गरी आर्थिक समृद्धि हासिल गर्न सक्ने धारणा व्यक्त गर्नुभएको छ।



पोखराको नोबेल एकेडमीले भारतको एसएसपिजी कलेज, सहाञ्जपुरको सहकार्यमा पोखरामा आज आयोजना गरेको धार्मिक पर्यटनः वर्तमान समयमा चुनौती र अवसरहरूसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा प्रदेश प्रमुखले यस्तो बताउनुभएको हो।

"पोखरा नेपालको पर्यटकीय राजधानी घोषणा भइसकेको सन्दर्भमा यस्ता अन्तर ाष्ट्रिय सम्मेलनले पर्यटक भित्रन ठूलो सहयोग पुग्ने विश्वास लिएको छु", उहाँले भन्नुभयो, "विद्वत एवं प्रवुद्ध वर्ग सहभागी यस्ता अन्तर्राष्ट्रिय सम्मेलनले मुलुकमा धार्मिक पर्यटनमार्फत समृद्धिको स्पष्ट खाका आउने विश्वास छ । सम्मेलनबाट आर्जित ज्ञान र अनुभवलाई प्रयोग गर्दै पर्यटनसम्बन्धी नीति निर्माण र कार्यान्वयनमा रहेका पदाधिकारी एवं प्राज्ञिकहरू लाभान्वित हुने, यहाँका पर्यटकीय गन्तव्यहरूलाई अन्तर्राष्ट्रियकरण गर्नमा सहयोग पुग्नुका साथै शैक्षिक व्यक्तित्वहरूबीचको यो जमघटले यहाँका विश्वविद्यालयको शैक्षिक क्षेत्रको स्तर वृद्धि हुने अपेक्षा पनि उहाँले गर्नुभयो ।

"विश्वका कैयौं देशहरूले धार्मिक पर्यटनबाटै विकासमा फड्को मारेको अवस्था छ। नेपाल ऋषिमुनीहरूको तपोभूमि हो", उहाँले भन्नुभयो, "मन्दिरै मन्दिरको सहर काठमाडौँमा हिन्दूहरूको प्रमुख धाम पशुपतिनाथबाट बुद्ध जन्मभूमि लुम्बिनी हुँदै गण्डकीको मुक्तिनाथसम्मले पर्यटकलाई तान्दछ ।"

बुद्धको विचार, मार्गदर्शन एवं बुद्ध जन्मभूमिलाई विश्वशान्ति र धार्मिक पर्यटकको गन्तव्यका रूपमा विकास गर्न आवश्यक रहेको भन्दै उहाँले लुम्बिनीलाई विश्वभरिका बुद्धिष्टहरूको बर्थिङ सेन्टरका रूपमा विकास गर्ने र त्यसमार्फत यस क्षेत्र र सिङ्गो देशको पर्यटन प्रवर्द्धनमा उच्च सफलता हासिल गर्न सकिने बताउनुभयो।

नेपाल सरकारले पर्यटन पुनरुत्थानको कार्ययोजनाअन्तर्गत विभिन्न किसिमका अन्तर्राष्ट्रिय सम्मेलन पनि गरिरहेको जनाउँदै प्रदेश प्रमुख भट्टले शिक्षाको माध्यमबाट अध्यात्मिक पर्यटनको हितका लागि गरिएको यो सम्मेलन महत्त्वपूर्ण रहने बताउनुभयो । सम्मेलनमा छिमेकी राष्ट्र भारत, बङ्गलादेश, भुटानस्थित विभिन्न विश्वविद्यालयका प्रतिनिधि, शिक्षाविद्, अनुसन्धानकर्ता, विद्यार्थी लगायतको सहभागिता थियो ।

# यातायात मजदुरको स्वास्थ्य जाँचमा चरकको सहयोग, १८० जना लाभान्वित

**पोखरापत्र संवाददाता**
पोखरा, ८ असार

नेपाल ट्रेड युनियन महासंघ (जिफण्ट) को सदस्य संस्था यातायात मजदुरहरूको छाता संगठन नेपाल यातायात स्वतन्त्र मजदुर संगठनले आफ्नो ४५ औं स्थापना दिवस देशभर विविध कार्यक्रमका साथ मनाएको छ ।



संगठनको गण्डकी प्रदेश कमिटीले पनि विविध कार्यक्रमको आयोजना गरी दिवस मनाएको छ।

शनिबार पोखरा नागढुंगा स्थित चरक मेमोरियल हस्पिटलको प्राविधिक सहयोगमा सुगर तथा ब्लड प्रेसर परीक्षण गरेको छ। १८० जनाले स्वास्थ्य जाँच गराएको अस्पतालका पब्लिक रिलेशन अफिसर सोवित सुवेदीले जानकारी दिए।

यस्तै, हिमालय आँखा अस्पतालको प्राविधिक सहयोगमा आँखा चेकजाँच तथा नेपाल रेडक्रस सोसाइटी अन्तर्गत गण्डकी प्रादेशिक रक्त सञ्चार केन्द्रसंगको सहकार्यमा रक्तदान कार्यक्रम पनि सम्पन्न गरेको संगठनका गण्डकी प्रदेश अध्यक्ष विष्णु बहादुर खत्रीले जानकारी दिए । उक्त कार्यक्रममा ५१ युनिट रगत संकलन भएको छ ।

राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालयका प्रमुख एसपी जनक बहादुर शाहीको प्रमुख आतिथ्यता तथा नेपाल ट्रेड युनियन महासंघ जिफन्ट गण्डकी प्रदेश अध्यक्ष रुद्र खत्रीको विशेष आतिथ्यतामा भएको कार्यक्रममा संगठनका प्रतिनिधि परिषद उपप्रमुख कर्ण सिं गुरुङ, उपमहासचिव एवं गण्डकी प्रदेश इञ्चार्ज विष्णु बहादुर पराजुली, पृथ्वी राजमार्ग बस सञ्चालक कम्पनी प्रालिका अध्यक्ष योगेन्द्र केसी, पोखरेली ट्याक्सी सेवा प्रालिका सञ्चालक मदन सुनार, नेपाल लोकतान्त्रिक यातायात व्यवसायी संगठनका प्रदेश र जिल्ला अध्यक्ष लगायत संगठनमा आवद्ध मजदुरहरूको बाक्लो उपस्थिति रहेको थियो ।

# युनाइटेड क्लबद्वारा तनाब ब्यवस्थापन र क्यान्सर सम्बन्धी सचेतना प्रशिक्षण

**पोखरापत्र संवाददाता**
पोखरा, ८ असार

युनाइटेड क्लबको आयोजनामा प्रशिक्षण तथा सचेतना कार्यक्रम सम्पन्न भएको छ।



क्लवमा आवद्ध रहेका पदाधिकारी, सदस्य, आजीवन सदस्य, सल्लाहकार र क्लवलाई सहयोग गर्ने विभिन्न आमा समुह, महिला समुहका पदाधिकारी तथा सदस्यहरुलाई तनाव ब्यवस्थापन तथा क्यान्सर रोगको बारेमा सचेतना दिने उद्देश्यले उक्त कार्यक्रमको आयोजना गरिएको हो। सो अवसरमा प्रशिक्षण प्रदान गर्दै डाक्टर योगी बिकाशनन्दले नकारात्मक बिचारका कारण तनाव उत्पन्न हुने भएकाले आफ्नो बिचारलाई कन्ट्रोल गर्न सके तनाव कम हुने बताए।

नकारात्मक बिचारले नकारात्मकता तर्फ उन्मुख गराउने भएकाले नकारात्मक सौँचलाई हटाएर सकारात्मकता तर्फ सवैले जोड दिनुपर्ने उनको भनाइ रहेको थियो । त्यस्तै अर्का प्रशिक्षक डाक्टर क्यान्सर रोग विशेषज्ञ वरिष्ठ डाक्टर दिपेन्द्रमान श्रेष्ठले पछिल्लो समय महिलाहरुमा पाठेघरको क्यान्सर वढ्दो मात्रामा रहेकाले त्यस तर्फ महिला दिदीबहिनीहरु सचेत हुन आवश्यक रहेको वताए। महिला दिदी बहिनीहरुले आफ्ना समस्यालाई चिकित्सक समक्ष प्रष्ट राख्न हिच्किच्याउने भएका कारण महिला दिदीबहिनीहरुमा पाठेघरको क्यान्सर देखा पर्दा समेत रोग लुकाएर राख्ने प्रचलन पछिल्लो समय देखिएको उनको भनाइ रहेको थियो।

त्यसैगरी धुम्रपान, विभिन्न खानपानका कारण समेत विभिन्न प्रकारका क्यान्सरहरु लाग्ने गरेकाले समय समयमा यसको बारेमा चेकजाँच गर्न सके यसबाट बच्न सकिने डाक्टर श्रेष्ठले बताए। त्यस्तै श्रीकृष्ण मन्दिर सञ्चालक समितिका कोषाध्यक्ष जयन्त कुमार राजभण्डारीले पछिल्लो समय मानिसहरु तनाबका कारण डिप्रेशन वढिरहेको र क्यान्सरका विरामीहरु समेत वढिरहेको अवस्थामा युनाइटेड क्लवले तनाव ब्यवस्थापन र क्यान्सर रोग सम्बन्धी प्रशिक्षण कार्यक्रम गरेकोमा धन्यवाद ब्यक्त गरे । युनाइटेड क्लबको हरेक काम सह्रानिय रहेको उनको भनाइ रहेको थियो।

त्यस्तै माछापुच्छ्रे महिला समुहका अध्यक्ष जुना माया बोहोराले युनाइटेड क्लबले पोखरा महोत्सवको आयोजना गरि सामाजिक काम गर्दै आइरहेकोमा अहिलेको विद्यमान चुनौतीको रुपमा रहेको तनाव ब्यवस्थापन र क्यान्सर रोगको बारेमा प्रशिक्षण गराएकोमा आभार प्रकट गरे।

सो अवसरमा युनाइटेड क्लबले डाक्टर योगी बिकासानन्दले पोखरामा स्थापना गर्न लागेको आश्रमको सहयोगार्थ नगद ५० हजार रुपैया प्रदान गरिएको थियो। त्यस्तै एनिमल लभर ग्रुप पोखराले युनाइटेड क्लबलाई पोखरा १० भित्र सडकमा आश्रित जनावरहरुलाई लक्षित गरी खाना र पानी वितरण गर्नका लागि ४ वटा भाँडा समेत प्रदान गरिएको थियो।

सो माटोको भाँडा वितरण गर्दै एनिमल लभर ग्रुपका सदस्य बिना बज्राचार्यले आफुहरुले विगत लामो समयदेखी पोखरामा सडकमा आश्रित जनावरहरुलाई लक्षित गरी खाना र पानीहरु वितरण गर्दै आइरहेको र युनाइटेड क्लबले सामाजिक काममा अग्रसर भइरहेको सन्दर्भमा सडकमा आश्रित जनावरहरुलाई समेत संरक्षण गर्न सहयोग पुगोस भन्ने अभिप्रायले वडा नम्बर १० भित्र रहेका सडक आश्रित जनावरलाई खाना र पानी दिनको लागि ४ वटा भाँडा वितरण गरेको वताइन।

युनाइटेड क्लबका अध्यक्ष राजु श्रेष्ठले युनाइटेड क्लबले सामाजिक काम सँगै हरेक वर्ष विभिन्न प्रशिक्षाणात्मक कार्यक्रम गर्दै आइरहेकोमा यो पटक तनाव ब्यवस्थापन र क्यान्सर सम्बन्धी सचेतनामुलक प्रशिक्षण कार्यक्रमको आयोजना गरिएको वताए। युनाइटेड क्लबका महासचिव दिनेश सुनारले सञ्चालन गरेको कार्यक्रममा ४ सयको सहभागीता रहेको थियोभने कार्यक्रममा क्लवबका प्रथम उपाध्यक्ष गणेश तिमिल्सिनाले स्वागत मन्तब्य राखेका थिए। उक्त कार्यक्रमको संयोजन क्लबका सह कोषाध्यक्ष सीमा गुरुङले गरेकी थिइन।

# नेपाली भाषामा लडाई चलिरहेको छ : अधिकारी

**पोखरापत्र संवाददाता**
पोखरा, ८ असार

गण्डकी प्रदेशका निर्वतमान मुख्यमन्त्री खगराज अधिकारीले भाषामा लडाई भइरहेको बताएका छन् । प्रेस क्लब गण्डकीले आयोजना गरेको पत्रकार क्षमता अभिवृद्धि -फिचर लेखन तथा भाषा शैली तालिमको उद्घाटन गर्दै अधिकारीले सो कुरा बताएका हुन्।



उनले भने, भाषामा व्याकरण विदहरुले अराजतकता भएको टिप्पणी गर्छन्। तर, अराजकताले कहिलेकाही नयाँ कुरा पनि निकाल्ने बताए । प्रदेश संघ र स्थानीय सरकार जनप्रतिनिधिसगँ जनताको अपेक्षा धेरै रहेको भन्दै जनताले अहिले आक्रोस पोख्नु स्वभावीक हो। तर आफु अहिले काम वाटै उनीहरको आक्रोसको जवाफ दिने गरेको छु । "

कार्यक्रममा नेपाल पत्रकार महासंघ गण्डकी प्रदेशका महासचिव गोविन्द सुवेदीले पत्रकार महासंघ केन्द्रले आगामी निवार्चनको मिति घोषणा गरीसकेको भन्दै समयमै निवार्चन गर्नु पर्ने बताए। सरकारको कार्यक्रम योजनाहरु समयमै सम्पन्न गर्ने गरी लाग्नु पर्ने उनको जोड थियो ।

पत्रकार महासंघक कास्कीका सचिव माधव वरालले भाषा शैली सम्वन्धीको तालिमले पत्रकार हरुलाई सधै सजिलो हुने बताए।

यसै गरी प्रेस कलव गण्डकीका अध्यक्ष एकराज गिरीले प्रेस क्लब गण्डकीले विभीन्न क्षेत्रमा सामुहीक वहस मुलक कार्यक्रम देखि पर्यटकीय क्षेत्रहको प्रचार प्रसार गर्न कार्यक्रमहरु संचालन गर्दै आईरहेको बताए । उनले क्लबको स्थापना दिवसको अवसरमा सामाजीक क्षेत्रमा उत्कृष्ठ रुपमा कार्य गरेका संस्था वा व्यक्तीलाई नगद ५० हजार सहित सम्मान गर्ने बताए। आगामी दिनहरुमा ५० हजारको फिचर लेखन कार्यक्रम समेत संचालन गर्ने क्लबको योजना रहेको बताए।

तालिममा पोखराका क्रियाशिल नयाँ तथा पुराना पत्रकाहरुको सहभागीता रहेको थियो । पत्रकारितामा फिचर लेखन र भाषा शैली वारे अग्रज पत्रकार केशवशरण लामिछाने र वासुदेव मिश्रले प्रशिक्षण दिएका थिए। तालिममा सहभागीहरु मध्ये उत्कृष्ठ फिचर लेख्ने एक पत्रकारलाइ आगामी साता नगद १० हजार सहित सम्मान गरीने क्लबका सचिव गौरव त्रिपाठी जानकारी दिए। कार्यक्रम क्लवका उपाध्यक्ष राजाराजम पौडेल कोषाध्यक्ष राजु गिरी लगाएले वालेका थिए ।

## उपप्रधानमन्त्री ...

थपिएको म्यादभित्रै काम सम्पन्न गर्न ठेकेदार कम्पनीलाई सुझाव दिनुभयो।

मुग्लिन-पोखरा सडक योजना (पूर्वी खण्ड) का इन्जिनियर विष्णुप्रसाद पौडेलले आँबुखैरेनीदेखि जामुनेसम्म ६२ प्रतिशत प्रगति भएको जानकारी दिनुभयो। पूर्वी खण्डमा विसं २०७७ माघ १७ गते सम्झौता भई २०७८ वैशाख २ गतेदेखि काम सुरु भएको थियो। पूर्वी खण्डको ठेक्का चाइना कम्युनिकेसन कन्स्ट्रक्सनले पाएको छ। आँबुखैरेनीदेखि जामुनेसम्म २२ दशमलव पाँच किलोमिटर चार लेन र सात दशमलव पाँच किलोमिटर दुई लेनमा कालोपत्र सकिएको छ ।


विसं २०२६ मा रेखाङ्कन भएको सडकमा सवारीको चाप बढ्दै गएपछि एसियाली विकास बैङ्क (एडिबी)को ऋण सहयोगमा सडक चार लेनको बनाउन लागिएको हो । पूर्वी खण्डको ठेक्का रु छ अर्ब २१ करोड ३१ लाख १३ हजारमा र पश्चिम खण्डको ठेक्का रु सात अर्ब ४० करोड ४६ लाखमा लागेको छ।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :

» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९ः०० बजेदेखि बेलुकी ५ः०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हार्डी

## सम्पादकीय

# विमानस्थल संचालनप्रतिको चासो

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल र गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल भैरहवाबाट अन्तर्राष्ट्रिय उडान हुन नसक्दा सरकारप्रति चौतर्फी विरोध भएको छ । राष्ट्रिय गौरवको आयोजना दुवै अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान नहुँदा सेतो हात्ती भएको छ । उद्घाटन भएको डेढ वर्ष हुन लाग्दा अन्तर्राष्ट्रिय उडानका लागि काम नहुनु विडम्बना हो । पर्यटन मन्त्रालय, नागरिक उड्डयन प्राधिकरणलाई चासो र तत्परता नदेखिनु रहस्यमय छ । सम्बन्धित मन्त्रालय, प्राधिकरण र सरोकारवाला गम्भीर बन्नुपर्ने बेला आएको छ । सरोकारवालाले गम्भीरतापूर्वक नलिएपछि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले दुवै विमानस्थल पूर्ण क्षमतामा चलाउन पहल थालेका छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा शुक्रबार प्रधानमन्त्री प्रचण्डले यही विषयमा उच्चस्तरीय छलफल गरेर पुर्ण क्षमतामा चलाउन निर्देशन दिएको समाचारले आशावादी बनाएको छ । प्रधानमन्त्रीलाई प्रतिनिधिसभामा कास्कीका सांसद दामोदर पौडेल बैरागीको प्रश्नको उत्तर दिंदा पहलकदमी लिने आशय प्रकट भएको थियो । सिंहदरबारको छलफलमा प्रधानमन्त्री प्रचण्डले दुईवटै अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालन गर्ने विकल्प र उपायबारे सुझाव लिएका छन ।

छलफलमा प्रधानमन्त्री प्रचण्डले दुईवटै विमानस्थल राष्ट्रिय गौरवका आयोजना र देशका लागि रणनीतिक महत्त्वका परियोजना भएकोमा जोड दिँदै विमानस्थल पूर्ण क्षमतामा चलाउन सरकारका सबै निकायले समन्वयकारी रूपमा समाधान खोज्नुपर्ने भनाइले अब केही होला कि भन्ने संकेत मिलेको छ । 'पोखरा र भैरहवा एयरपोर्ट राष्ट्रिय गौरवका परियोजना हुन् । यी परियोजना निर्माणमा राज्यको ठूलो लगानी पनि भइसकेको छ । निजी क्षेत्रले समेत पर्यटन पूर्वाधारमा ठूलो लगानी गरिसकेको छ । यस्तो परिस्थितिमा यी विमानस्थलहरू पूर्ण क्षमतामा सञ्चालन गर्नुको अर्को कुनै विकल्प छैन। पर्यटन मन्त्रालय र नागरिक उड्डयन प्राधिकरणले गम्भीरतापूर्वक तयारी गर्न र विमानस्थलहरू पूर्ण क्षमतामा सञ्चालनको ठोस प्रस्ताव छिटै ल्याउन' प्रधानमन्त्री प्रचण्डले घच्घच्याएको हुनुपर्छ ।

छलफलमा प्रधानमन्त्री प्रचण्डले केही सहुलियत दिएर र सरकारी सेवाको विस्तार गरेर विमानस्थल पूर्ण क्षमतामा सञ्चालनको खाका ल्याउन निर्देशन दिएका छन् । प्रधानमन्त्रीको निर्देशन सुसंचालनका लागि हो । काठमाडौं विमानस्थलमा एयर ट्राफिकको समस्या रहेको र यसको उचित समाधान दिनुपर्ने आवश्यकता रहेको छ । काठमाडौं एयरपोर्टको सुधार र क्षमता विस्तारको काम भइरहेको भन्दै उनले भैरहवा र पोखराबाट अन्तर्राष्ट्रिय उडान भर्ने गरी आवश्यक तयारी गर्न निर्देशन दिए । वैदेशिक रोजगारीमा जाने नेपाली यात्रु र अन्य यात्रुलाई भैरहवा र पोखराबाटै उडान गराउने गरी तयारी गर्न समेत मुख्यमन्त्री निर्देशन दिए । त्यसका लागि मेडिकल, श्रम स्वीकृति, अध्यागमन लगायतका सरकारी सेवा पोखरा र भैरहवामा व्यवस्थित गर्न समेत उनले निर्देशन दिए ।

'विमानस्थल पूर्ण क्षमतामा सञ्चालनका लागि केही सहुलियत दिनुपर्ने हुन्छ, हवाई टिकट, ग्राउन्ड ह्यान्डलिङ, हवाई इन्धनमा केही सहुलियत दिऊँ, निजी क्षेत्रसँग पनि समन्वय गरेर होटल लगायतमा सहुलियत प्याकेजका निम्तिसमेत अनुरोध गरौँ,' प्रधानमन्त्री प्रचण्डले भने । छलफलमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री हितबहादुर तामाङले आफूहरूले आवश्यक गृहकार्य गरेर विमानस्थल पूर्ण क्षमतामा सञ्चालन गर्ने सम्बन्धी ठोस प्रस्ताव प्रस्तुत गर्ने सल्लाह दिए । पर्यटन मन्त्रालयका सचिव डा. गणेशप्रसाद पाण्डेले सहुलियतपूर्ण प्याकेजसहितका विकल्पमा छलफल गरेर ठोस प्रस्ताव प्रस्तुत गरिने बताए । दुवै विमानस्थल पूर्ण क्षमतामा सञ्चालनका निम्ति मन्त्रालयको तर्फबाट विदेशी विमान कम्पनीहरूसँग पनि छलफल भइरहेको जानकारी दिए । बैठकमा मन्त्री तामाङ, मुख्यसचिव डा. बैकुण्ठ अर्याल, पर्यटन सचिव डा. पाण्डे, वाणिज्य सचिव दिनेशकुमार घिमिरे, राजस्व सचिव डा. रामप्रसाद घिमिरे, श्रम सचिव घनश्याम उपाध्याय, नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारी लगायत उपस्थित थिए ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : झमेला बढ्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : मानसिक तनाव | धनु | : शुभ यात्रा |
| कर्कट | : शारीरिक झमेला | मकर | : स्वास्थ्यमा सुधार |
| सिंह | : व्यापारमा लाभ | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

# जातीय उत्थानका लागि सङ्गठित हुँदै बोटेहरू

**पोखरापत्र संवाददाता**
तनहुँ, ८ असार

मादी नदी किरानामा बसेर जीविका चलाउँदै आएका तनहुँका बोटेहरू सङ्गठित हुन थालेका छन् । आफूहरू सङ्गठित नहुँदा बोटेहरूको उत्थानको बहस अघि बढ्न नसकेकामा तनहुँका बोटेहरूले दुखेसो समेत पोखेका छन् ।

नेपाल बोटे समाज तनहुँको आज व्यास नगरपालिका-७ बोटेटारमा आयोजित तेस्रो जिल्ला अधिवेशनका क्रममा बोल्ने बोटेहरूले माछा र खेती किसानी गरी जीवन चलाउँदै आएका आफूहरू अब जातीय पहिचान कायम गर्ने कार्यमा अग्रसर हुनुपर्नेमा जोड दिएका हुन् । जातीय पहिचान कायम गर्न अग्रसर हुनुपर्ने आफूहरू दैनिक ज्याला, मजदुरी गर्न व्यस्त हुनुपरेको बोटे समाज तनहुँका सदस्य सुकबहादुर बोटेले बताउनुभयो । माछा मार्ने र नदीमा सुन चालेर जीविका चलाउँदै आएका बोटेलाई विकल्पका रूपमा व्यावसायिक कृषि पेसामा अग्रसर गराउनेतर्फ राज्यको ध्यान जान आवश्यक रहेको नेपाल बोटे समाज केन्द्रीय उपाध्यक्ष सञ्जना बोटेले बताउनुभयो । आफूहरूलाई वैकल्पिक पेसातर्फ आकर्षित गराउनेतर्फ राज्यबाट प्रभावकारी कार्यक्रम नै कार्यान्वयन हुन नसक्दा गरिबीको चपेटामा बोटेहरू रहनुपरेको उहाँको भनाइ थियो । तनहुँको व्यास-५, ७ र १० क्षेत्रको सेती र मादी नदी किनारामा बोटेहरू बसोबास गर्दै आएका छन् । माछा बिक्री गरी जीविका चलाउँदै आएका उनीहरू पछिल्लो समय निर्वाहमुखी कृषि र घर निर्माण तथा मजदुरीमा संलग्न रहँदै आएका छन् । बोटेहरूको शिक्षादीक्षा र उत्थानको क्षेत्रमा राज्यले आवश्यक कार्यक्रम नल्याउँदा आफूहरूको विकास हुन नसकेको नेपाल बोटे समाजका केन्द्रीय अध्यक्ष राजकुमार बोटेको भनाइ छ । "बोटे समुदायको विकासका लागि राज्यबाट हुनुपर्ने पहल पर्याप्त छैनन्, उनीहरूको उत्थानका लागि राज्यले प्रभावकारी कार्यक्रम ल्याउन आवश्यक छ", केन्द्रीय अध्यक्ष बाटेले भन्नुभयो । ऋषि वेदव्यास जन्मिएका भनिएको तनहुँको व्यास-५ परासर गुफा वरपर अहिले पनि बोटे समुदायको बसोबास छ । परासर ऋषि र बोटे समुदायकी युवतीबीच सम्बन्धबाट व्यास ऋषि जन्मिएको जनविश्वास छ ।

# 'गोरुलाई पोषण, कृषकलाई प्रोत्साहन'

**पोखरापत्र संवाददाता**
बागलुङ, ८ असार

बागलुङको काठेखोला गाउँपालिकाले गोरुलाई पोषण, कृषकलाई प्रोत्साहन' नारासहितको कार्यक्रम कार्यक्रम अघि सारेको छ। गाउँपालिकाको १५औँ गाउँसभामा शुक्रबार गाउँपालिका अध्यक्ष राजु थापाले आर्थिक वर्ष २०८१/८२ का लागि नीति तथा कार्यक्रम कृषि, पर्यटन, शिक्षा र पूर्वाधारलाई प्रथामिकता राखेर प्रस्तुत गर्नुभएको थियो ।

नीति तथा कार्यक्रममा स्थानीय स्रोत साधनको उच्चतम परिचालन र न्यायोचित वितरणद्वारा नागरिकले आर्थिक, सामाजिकस्तरमा वृद्धि गर्दै समृद्ध, समातामूलक र सुशासनयुक्त काठेखोला गाउँपालिका निर्माण गर्ने लक्ष्य राखिएको छ । आर्थिक विकासका लागि कृषि पकेट पूर्वाधार विकास कार्यक्रमलाई निरन्तरता दिइएको छ । तरकारी मिनिकिट अनुदान, कृषि तथा पशु उद्यमशीलता विकास परियोजनालगायतका कार्यक्रमलाई निरन्तरता दिइएको छ । काठेखोला गाउँपालिकाले गोरु पाल्ने किसानलाई प्रोत्साहन गर्ने भएको छ । आफ्नो नीति तथा कार्यक्रममा गोरु पाल्ने किसानलाई प्रोत्साहनस्वरुप गोरुलाई पोषण, कृषकलाई प्रोत्साहन कार्यक्रम लिएको गाउँपालिका अध्यक्ष राजु थापाले बताउनुभयो । कार्यक्रमअन्तर्गत स्थान्नीय गोरु संरक्षणका लागि अनुदान दिइनेछ भने हरेक वडामा वडास्तरीय भेटेरिनरी माइनर ल्याब स्थापना गरिने छ । नीति तथा कार्यक्रममा काठेखोला कोसेलीघर सञ्चालनमा ल्याउने उल्लेख छ ।

पालिकाभित्र उत्पादन हुने सिन्की, भाँगो, हँसिया, कोदाली, हस्तकलाका सामग्रीका साथै नाङ्लो, डाली, मकैको भुत्लाबाट निर्माण हुने फूलजन्य सामग्री सङ्कलन गरी बजारीकरण गर्ने उद्देश्यले काठेखोला कोसेलीघर सञ्चालन गरिने उल्लेख छ । त्यस्तै पालिकाभित्रका खानी उत्खननका लागि अनुसन्धान गर्न सङ्घ तथा प्रदेश सरकारसँग समन्वय गरी स्रोत जुटाउन आवश्यक पहल गरिने, वडा नं १ मा हाटबजार स्थापना गरिने, पालिकामा उत्पादन हुने दुग्ध पदार्थ, मासुजन्य उत्पादन, सुन्तला र आलुको परिकारलाई थप व्यवस्थित गरी गाउँपालिकाकै पहिचानको रूपमा स्थापित गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिने उल्लेख छ । गाउँपालिकाले नगर प्रहरी राख्ने समेत तयारी गरेको छ । त्यसका लागि काठेखोला गाउँपालिका नगर प्रहरी सञ्चालन तथा व्यवस्था गर्न बनेको विधेयक गाउँसभामा पेस गरिएको छ ।

आर्थिक विकास समितिका संयोजक लक्ष्मण पुनले काठेखोला गाउँपालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न बनेको विधेयक टेबल गर्नुभएको थियो । सामाजिक विकास समितिका संयोजक खडक थापाले खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक टेबल गर्नुभएको थियो ।

# जङ्गली च्याउ खाँदा मृत्यु

**पोखरापत्र संवाददाता**
दमौली, ८ असार

तनहुँको आँबुखैरेनी गाउँपालिकामा जङ्गली च्याउ खाएर बिरामी परेका एक जनाको मृत्यु भएको छ । आँबुखैरेनी गाउँपालिका-६ हिलेखर्कका ८५ वर्षीया द्रोणपति गुरुङको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

च्याउ खाएर बिरामी गुरुङको चितवनस्थित अस्पतालमा उपचार भइरहेकामा शुक्रबार मृत्यु भएको प्रहरी नायब उपरीक्षक दीपककुमार रायले जानकारी दिनुभयो ।

अन्य चार जनाको अवस्था भने खतरामुक्त रहेको प्रहरीले जनाएको छ । यही असार १ गते ५४ वर्षीय डिलबहादुर गुरुङले घर नजिकको जङ्गलबाट ल्याएको च्याउ खाँदा उहाँसहित ५७ वर्षीया मधु गुरुङ, ९२ वर्षीय रणबहादुर गुरुङ, ५८ वर्षीया पम्फी गुरुङ बिरामी हुनुभएको थियो ।

# स्थानीय उत्पादन प्रवर्द्धन गर्न तालिम

**सविता गुरुङ/स्मृति गाहा मगर**
पोखरा ८ असार




पोखरा महानगरपालिका वडा नं १६ मा रहेका महिला उद्यमीलाई लेवलिङ्, प्याकेजिङ्ग तथा बजारिकरण सम्बन्धि तालिम दिइएको छ।

महिला उद्यमी संघ कास्की, वडा कार्यालय पोखरा १६ र ग्रीन भ्याली बहुउद्देश्यीय सरकारी संस्थाको आयोजनामा २ दिनसम्म तालिम संचालन गरिएको तालिम संयोजक वडा सदस्य मञ्जु नेपालीले जानकारी दिईन् ।

वडाभित्रका महिला उद्यमी सहभागी तालिममा खाद्यविज्ञ महेश बरालले प्याकेजिङ्ग र लेवलिङ, सहकारीका अध्यक्ष प्रकाश आचार्यले बजारिकरण, वडा सचिव एवम् सुचना अधिकारी श्रीराम पौडेल, प्रमिला पौडेलले उद्योग दर्ता प्रक्रियाका विषयमा सहजिकरण गरेका थिए। यसअघि तालिमको उद्घाटन गर्दै वडाध्यक्ष अमृत शर्मा तिमिल्सिनाले स्थानीय स्तरमा हुने उत्पादनलाई बजारीकरण गर्न र उत्पादन वृद्धिका लागि तालिम फलदायी भएको बताए ।

महिला उद्यमी संघ कास्कीका अध्यक्ष शारदा बरालको अध्यक्षतामा भएको कार्यक्रममा वडा सदस्य राजकुमारी बानियाँ, रामकाजी गुरुङ, कृषि सञ्जालका अध्यक्ष जित वहादुर वस्नेत, गोविन्द आचार्य लगायतकाले पोखरा १६ कृषि उत्पादनका लागी महत्वपुर्ण क्षेत्र भएको बताए।

कार्यक्रम संयोजक नेपालीले स्थानिय उद्यमी र उत्पादनलाई प्रोत्साहन गर्न स्थानीय सरकार सदैव तयार रहेको बताईन । संघका अध्यक्ष वराललले कोशेली घर निर्माण गरी बजारीकरणमा सहयोग गर्ने प्रतिबद्धता जनाईन ।

त्यस क्षेत्रका महिलालाई कृषि उत्पादन मार्फत आम्दानीका लागि ग्रीन भ्याली सहकारीले प्रोत्साहन गर्दै आएको छ।

# एन प्याक्सनको विद्यालय स्तरीय हाजिर जावाफ प्रतियोगिता

**पोखरापत्र संवाददाता**
पोखरा, ८ असार



नेशनल प्याक्सन कास्कीको आयोजनामा जिल्ला स्तरीय हाजिरी जवाफ प्रतियोगिता सम्पन्न भएको छ ।

एन प्याक्सनको यो प्रतियोगिता १८ औं संस्करण हो । प्रतियोगितामा एन प्याक्सनमा आवद्ध ३९ विद्यालयका विद्यार्थीको सहभागिता रहेको थियो ।

प्रतियोगितामा डायमण्ड मोडल स्कूलका सुदर्शन पौडेल, विवेक ढुंगाना, सुजता अधिकारी, विमर्श न्यौपाने प्रथम, मर्निङ ग्लोरी एकेडेमी स्कूलका सिवानी भण्डारी, स्तुती अधिकारी, सुयोग आचार्य, साजन गिरी द्धितीय, वागमारा एकेडेमी गार्डेनका औपा भण्डारी प्रथम, रिजन थापा गौरव गौतम अञ्जीला शर्मा तृतीय, रिलायन्स पब्लिक इंगलिस स्कूलका आदर्शनारयण बराल, भूमि रानाभाट, दिपशिखा क्षेत्री, रोशिका रानाभाट सान्त्वना भएका छन् । त्यैगरी त्रिवेणी पब्लिक सेकेण्डरी स्कूलका सन्देश थापा, लेनिस केसी, आयुस लङ्गुन, प्रशान गौतम तथा चिल्ड्रेन एकेडेमी स्पन्दन घिमिरे, वसन्त हर्मेल, जेसुस तामाङ सेरोज गुरुङ क्रमश पाँचौ र छैटौ भएका थिए।

कार्यक्रममा बोल्दै प्रमुख अतिथी जिल्ला विकास तथा समन्वय इकाइ कास्कीका प्रमुख लोकनाथ आचार्यले विद्यार्थीको विकासका लागि हाजिरी जवाफ प्रतियोगिता कोषेढुंगा सावित हुने बताउनुभयो ।

उहाँले हरेक युनिट सकेपछि विद्यार्थीको क्षमता अभिवृद्धि गर्ने युनिटबाट प्रश्न सोध्ने वानिको विकास गर्न सकेमा विद्यार्थीमा उत्प्रेरण जाग्ने बताउनुभयो ।

'विद्यार्थीहरुको सिकाईको अभिन्न अंग भनेकै हाजिरी जावफ प्रतियोगिता हो' उहाँले भन्नुभयो,' हरेक युनिटसँगै जुनसुकै विषयमा पनि प्रश्न सोधेर विद्याथीको उत्प्रेरण जगाउने काम शिक्षकले गर्नुपर्दछ ।'

एन प्याक्सनक हरेक क्रियाकलाप उत्कृष्ट भएको बताउँदै उहाँले आगामि दिनमा पनि यस्ता खालका कार्यक्रमहरुलाई निरन्तरता लैजान सुझाव दिनुभयो।

एन प्याक्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा कार्यक्रम संयोजक विक्रम सुवुदी र सदस्य हरिराज अधिकारीले बोल्नु भएको थियो।

# दीपशिखा सामुदायिक पुस्तकालयमा ट्याग परियोजना

**पोखरापत्र संवाददाता**
पोखरा, ८ असार



पोखरामहानगर पालिका वडा नं २९ भण्डारढिक स्थित दीपशिखा सामुदायिक पुस्तकालयमा ट्याग परियोजना अन्तर्गत ट्याग सुरुवाती कार्यक्रम सम्पन्न भएको छ ।

पुस्तकालयका अध्यक्ष कृष्णहरि भण्डारीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा गण्डकी प्रदेश सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका उपसचिव भोजराज न्यौपानले ट्याग परियोजना किशोरीहरुको जीवनमा सकारात्मक परिवर्तन ल्याउने एउटा महत्वपूर्ण कदमको रुपमा रहेको आफूले महशुस गरेको वताए ।

न्यौपानेले किशोरीहरुको भविष्यप्रति आशावादी कुराहरु राख्दै उनीहरुको सशक्तिकरणका लागि सरकारको तर्फबाट गरिने पहलहरुबारेमा स्पष्ट पारेका थिए।

यसै गरी रिड नेपालका सिनियर ट्याग कोओर्डिनेटर भाग्यश्री बिष्टले यस परियोजना अन्तर्गत किशोरीहरुलाई जीवन सीप, नेतृत्व विकास, लैंगिक समानता, यौन तथा प्रजनन स्वास्थ्य, वित्तीय साक्षरता र उद्यमशीलता सम्बन्धी प्रशिक्षण दिइने कुरा उल्लेख गरिन् । यस्तै अर्का ट्याग कोओर्डिनेटर दीक्षा अधिकारीले अभिभावकहरुलाई आफ्ना नानीहरुलाई सहयोग गरी यस परियोजनाका सीपबाट व्यक्तित्वविकासगर्नआग्रहगरिन्।

कार्यक्रममा जनप्रकाश मावि व्यवस्थापन समितिका अध्यक्ष बाबुराम सुवेदी, सरस्वती टीका मावि प्रधानाध्यापक सुर्यराज अधिकारी, त्रिभुवन शान्ति नमुना मावि प्रधानाध्यापक सोमत कुमारी लामिछाने, पट्नेरी आधारभूत विद्यालयका प्रधानाध्यापक रामचन्द्र आचार्य, लेखनाथ उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष एवं पुस्तकालय सल्लाहकार छत्रधर आत्रेय, भण्डारढिक टोल विकास संस्थाका अध्यक्ष अरुण गुरुङ, मेन्टर टिचर सावित्री भण्डारी र एलिसा केसीले शुभकामना दिएका थिए । दीपशिखा सामुदायिक पुस्तकालयका कोषाध्यक्ष माधव भण्ठारीले स्वागत गरेको कार्यक्रम पुस्तकालयका सचिव पदमप्रसाद अधिकारीले सञ्चालन गरेका थिए। परियोजना १० महिनासम्म चल्ने कार्यालय प्रमुख धनु पहारीले जानकारी दिइन् ।

# लिटल फ्लावरमा एसईई कप फुटबल

सविता गुरुङ/स्मृति गाहा मगर
पोखरा ८ असार




पोखरा महानगरपालिका वडा नं २७ रिठेपानी स्थित लिटल फ्लावर एजुकेशनल एकेडेमीको आयोजनामा फुटबल प्रतियोगिता सुरु भएको छ । असार ८ र ९ गते दुई दिवसीय रुपमा सञ्चालन हुने एस ई ई कप सेभेन ए साइड फुटबल प्रतियोगिताको उद्घाटन गर्दै पोखरा २७ का वडाध्यक्ष पूर्णकुमार गुरुङले एस ई ई दिएर बसेका विद्यार्थीहरुलाई लक्षित गेरर विद्यालयले प्रतियोगिता आयोजनागरकामाखुशीव्यक्तगरे। उनले खेलकुदको माध्यमबाट राष्ट्रिय, अन्तराष्ट्रिय ख्याति स्थापित गर्दै अगाडि बढ्न खेलाडीहरुलाई प्रेरित गरे । खेलकुदको विकासका लागि २७ नं वडाले पनि विभिन्न खेल अभियानमा जोड दिएको उनले वताए । कार्यक्रममा प्रिन्सिपल बिकल पौडेलले कार्यक्रममाथि प्रकाश पार्दै पढाइका साथै अतिरिक्त क्रियाकलापको महत्व वताएका थिए भने नेशनल प्याब्सन कास्कीका उपाध्यक्ष मनकाजी गुरुङ,सदस्यहरु अर्जुन अधिकारी, रमेशराज पौडेल, विद्यालयकी संस्थापक एवम् सञ्चालक अध्यक्ष देवी खड्का, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तिलकसिंह गुरुङ, राइजिङ स्टार युवा क्लबका अध्यक्ष यमप्रसाद गुरुङ, कक्षा ११, १२ संयोजक बिष्णुहरि पौडेल लगायतले शुभकामना दिएका थिए । नक आउटका आधारमा सञ्चालन हुने प्रतियोगिता अन्तर्गत शनिबारको उद्घाटन खेलमा ज्ञानज्योति विद्याकुञ्जले डायमण्ड मोडेल स्कुललाई २ शुन्य गोल अन्तरले पराजित गऱ्यो । यसै गरी दोस्रो खेलमा वि एम जी लाई गोगनले ४-१ को अन्तरले हराएको छ । डायमण्ड सेकेण्डरी र त्रिवेणी पब्लिक विचको तेस्रो खेलमा डायमण्ड सेकेण्डरीले ट्राइवेकरमा ३-२ ले जितेको छ भने आयोजक लिटल फ् लावरको टिम, हाइ वे गार्डेन र न्यू लेखनाथ पब्लिक ए ले वाक ओभर पाएर अगाडि बढेका छन् । जनप्रकाश र गुरुकुल विचको खेलमा ३-० ले गुरुकुलले जित हात पारेको छ । त्रिभुवन शान्ति र जुनियर सिटीजन्स विचको खेलमा २-० ले जुनियर सिटीजन्स अघिल्लो चरणमा प्रवेश गरेको छ । सेमी फाइनल शनिवार नै सुरु भएपनि फाइनल खेल आइतवार हुने खेल संयोजक विचित्र न्यौपानेले जानकारी दिएका छन् । लेखनाथ क्षेत्रका १९ विद्यालयका एस ई ई दिएर बसेका विद्यार्थीहरुका समूहले सहभागिता जनाएको प्रतियोगितामा प्रथम हुनेले १५ हजार र दोस्रो हुनेले १० हजार रुपैयाँ नगद सहित शिल्ड मेडल र प्रमाणपत्र प्राप्त गर्ने प्रिन्सिपल पौडेलले वताए ।

# गण्डकी प्रदेशस्तरीय ह्यान्डबल : महिलातर्फ बागलुङलाई तेस्रो स्थान

पोखरापत्र संवाददाता
पोखरा, ८ असार



गण्डकी प्रदेशस्तरीय महिला/पुरुष ह्यान्डबल प्रतियोगिताको महिला तर्फ बागलुङ जिल्लाले तेस्रो स्थान हासिल गरेको छ । प्रदेश खेलकुद परिषद गण्डकीको आयोजना तथा गण्डकी प्रदेश ह्यान्डबल संघको व्यवस्थापनमा पोखरा रंगशालामा शनिबार तेस्रो स्थानको लागि भएको खेलमा बागलुङले म्याग्दीलाई ७-२ गोलअन्तरले हराउन सफल भएको हो । बागलुङले नगद १५ हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र हात पाऱ्यो । त्यसअघि भएको पहिलो सेमीफाइनल खेलमा बागलुङ स्याङजासँग ८-५ गोलले पराजित भएको थियो । म्याग्दी भने, कास्कीसँग ९-० को हार व्यहोरेको थियो । कास्की र स्याङजा भने भोलि उपाधिका लागि भिड्नेछन् । पुरुषतर्फ कास्की, बागलुङ, स्याङजा र तनहुँ सेमीफाइनलमा प्रवेश गरेका छन् । शनिबार भएको पहिलो खेलमा स्याङजाले नवलपुरमाथि २०-४ को फराकिलो जित हासिल गरेको छ । बागलुङले पर्वतलाई १६-५, कास्कीले म्याग्दीलाई १९-१२, तनहुँले गोरखालाई २०-२, स्याङजाले बागलुङलाई ११-८ र पर्वतले नवलपुरलाई १२-९ गोल अन्तरले हराएको हो । पुरुषतर्फ समूह ए मा कास्की, गोरखा, तनहुँ र म्याग्दी तथा समूह बी मा बागलुङ, नवलपुर, स्याङजा र पर्वत रहेका छन् । महिला तर्फ समूह ए मा बागलुङ, म्याग्दी, पर्वत र समूह बी मा कास्की, नवलपुर, स्याङजा रहेका छन् । प्रतियोगिताको उपाधि बिजेता महिला तथा पुरुष टिमले समान नगद रु ५०-५० हजार, उपविजेताले ३०-३० हजार तेस्रो हुने टिमले नगद रु १५-१५ हजारका साथमा ट्रफी, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । त्यसै गरी सर्वोत्कृष्ट हुने महिला तथा पुरुष खेलाडीले समान नगद रु ५-५ हजारका साथमा ट्रफी र अन्य उत्कृष्ट हुने विद्यागत खेलाडीहरुले जनही नगद रु २ हजार ५ सयका साथमा ट्रफी प्राप्त गर्ने छन् । दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि प्रारम्भिक खेलाडी छनौट समेत गरिने भएको संघका अध्यक्ष एवं खेल पत्रकार केशव पाठकले बताए । पुरुषतर्फको खेल भोलि विहान हुनेछ । पहिलो सेमीफाइनलमा कास्की र बागलुङ तथा दोस्रो सेमीफाइनल स्याङजा र तनहुँबिच हुनेछ । महिला र पुरुष तर्फको फाइनल खेल समेत भोलि नै हुने आयोजकले बताएको छ ।

# कारागारका महिलालाई नि:शुल्क सेनेटेरी प्याड, युरोगार्ड सहयोग

पोखरापत्र संवाददाता
पोखरा ८ असार

महिला पर्यटन व्यवसायी मञ्च को आयोजना एवम् जिल्ला प्रहरी कार्यालय कास्कीको सहकार्यमा जिल्ला कारागार कास्कीमा रहेका महिलाहरुलाई आज सेनेटरी प्याड, म्याट्रेस तथा युरोगार्ड वितरण गरिएको छ । सामाजिक उत्तरदायित्व अन्तर्गत कारागाराका महिलालाई सेनेटरी प्याड लगायतका सामाग्री हस्तान्तरण गरिएको मञ्चका अध्यक्ष उमा रेग्मी भण्डारीले जानकारी दिनुभयो । उहाँका अनुसार महिलाहरूलाई अत्यावश्यक सेनेटरी प्याड एक हजार २०० थान, म्याट्रेस एक रोल र युरो गार्ड एक थान हस्तान्तरण गरिएको हो । मञ्चका अध्यक्ष उमा रेग्मी भण्डारीको अध्यक्षता एवम् मञ्चका संस्थापक अध्यक्षतामा जमुना पराजुलीको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी नायव उपरीक्षक बसन्तकुमार शर्मा, मञ्चका पदाधिकारी लगायतको उपस्थिति थियो । मञ्चले स्वदेश एवम् विदेशमा पर्यटन राजधानी पोखरा सहित समग्र देशको पर्यटन प्रवर्द्धनका साथै सामाजिक उत्तरदायित्व अन्तर्गतका विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको अध्यक्ष भण्डारीले बताउनुभयो ।

# कास्कीद्वारा प्रदेश स्तरीय हक्की प्रतियोगिताको उपाधी रक्षा

पोखरापत्र संवाददाता
पोखरा, ८ असार



प्रदेश खेलकुद परिषद गण्डकीको आयोजना र गण्डकी प्रदेश हक्की संघको व्यवस्थापनमा दुईदिन सम्म भएको अन्तर जिल्ला स्तरीय हक्की प्रतियोगिताको उपाधी कास्की जिल्लाले जितेको छ । पोखराको रामवजार स्थित भारतीय पेन्सन क्याम्पको मैदानमा शनिवार भएको फाईनलमा वागलुङ्लाई ३-० गोल अन्तरले पराजित गर्दै उपाधी रक्षा गरेको हो। गत वर्ष भएको हक्की प्रतियोगितामा पनि कास्कीले तनहूँलाई पराजित गर्दै उपाधी जितेको थियो । दोस्रो खेलमा स्याङ्जाले तनहूँलाई १-० गोल अन्तरले पराजित गर्दै तेस्रो स्थान सुरक्षित गर्‍यो । विजेता कास्कीले नगद २० हजार, उपविजेता वागलुङ्ले १५ हजार र सह विजेता स्याङजाले १० हजार नगद ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरे । विजेता तथा उपविजेताहरुलाई समापन समारोहका प्रमुख अतिथि भारतीय पेन्सन क्याम्पसका चिकित्सक मेजर डाक्टर आश्विन नारायणकार, नेपाल भारत मैत्री विद्यालयका प्रिन्सिपल मिथुन जय सहायक प्रिन्सिपल अशोक गुरुङ, नेपाल हक्की संघका केन्द्रीय उपाध्यक्ष हिमाल खड्का, केन्द्रीय सदस्य तथा कास्की जिल्ला अध्यक्ष हितकुमार गुरुङ, केन्द्रीय सदस्य मिलन केसी, पुर्व हक्की खेलाडी तिलकबहादुर केसी, जिल्ला सदस्य क्या. राजु थापा, सु. धनसिंह गुरुङ, प्रदेश खेलकुद परिषद गण्डकीका कार्यकारी सदस्य सदस्य ऋषिराम गौतम, लगायतले पुरस्कार वितरण गरेका थिए । गण्डकी प्रदेश हक्की संघका अध्यक्ष दीपकबहादुर थापाको सभापतित्वमा भएको कार्यक्रममा वक्ताहरुले १० औं राष्ट्रिय खेलकुदको पुर्व तयारी स्वरुप यो प्रतियोगिताको आयोजना गरिएको बताएका थिए। आयोजकका अनुसार यो प्रतियोगितामा सहभागि सबै जिल्लाका उत्कृष्ट खेलाडी छनौट गरेर १० औं राष्ट्रिय खेलकुदका लागि गण्डकी प्रदेशको टीम निर्माण गरिनेछ ।

# सम्पदाले बेलपत्र रोप्यो

पोखरापत्र संवाददाता
पोखरा ८ असार



सम्पदा संरक्षण अभियान पोखराले धार्मिक महत्वको बेलपत्र रोपेको छ । पछिल्लो समयमा लोप हुने अवस्थामा पुगेको धार्मिक महत्वको बेलपत्र बाटुलेचौरस्थित सुन्दर वन वाटिकामा रोपिएको हो । महेन्द्र गुफा र चमेरे गुफा मार्गको वन क्षेत्रमा अभियानका संयोजक केशव बहादुर बस्नेत, वन उपभोक्ता समितीका अध्यक्ष पुष्पराज अधिकारी, संरक्षणकर्मी गोविन्द बहादुर बस्नेत र गोविन्दराज अधिकारीले बेलपत्र रोपेका हुन् । पोखरामा प्राचीन चौतारी तथा रुखहरू मासिदै गईरहेको अवस्थामा धार्मिक तथा औषधीजन्य विरूवाको संरक्षण गर्ने हेतुले बेलपत्र रोपिएको संयोजक बस्नेतले जानकारी दिए । धार्मिक कार्यमा निकै पवित्र र महत्वपूर्ण मानिएको बेलपत्र पछिल्लो समय पोखरामा लोप हुने अवस्थामा पुगेको छ । अभियानले बेलपत्र रोप्ने अभियान नै संचालन गर्ने तयारी गरेको संरक्षणकर्मी बस्नेतले बताए । अभियानले यसअघि अमला बिसौनी घार्मी सडक खण्डको ठाँटीमा वर पिपलको विरूवा रोपेको थियो । उसले त्यस स्थानमा चौतारी निर्माणको तयारी समेत गरेको बताएको छ ।



# सूची दर्ता गर्ने बारेको सूचना

**प्रकाशित मिति २०८१/०३/०९ गते**

यस संस्थाको नियमानुसार आ.व. २०८१/८२ का लागि आवश्यक पर्ने देहायका वस्तु तथा सेवाहरु पटक पटक वा एकै पटक खरीद गर्न छुट्टाछुट्टै सूची तयार गरी राख्नु पर्ने भएकोले इच्छुक सेवा प्रदायकहरुबाट आफुले उपलब्ध गराउने वस्तु तथा सेवाको विवरण, कम्पनी दर्ता प्रमाणपत्र, स्थायी लेखा नं. (PAN) दर्ता प्रमाणपत्र तथा मुल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्र, गत आ.व.को करचुक्ता प्रमाणपत्र, कम्पनीको प्रोफाइल प्रतिलिपि सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस संस्थाको कार्यालय, पोखरा १३ कास्कीको प्रशासन शाखामा वा ईमेल (ccscltd@gmail.com) मार्फत उपलब्ध गराउन आह्वान गरिन्छ ।

सूचीकृत फर्म/कम्पनी मार्फत प्राप्त गरिने वस्तु तथा सेवाको विवरण :

**क. छपाई तथा मसलन्द**

१. स्टेशनरी सामान आपुर्ति कार्य
२. चेक तथा चेक कभर, चेक मांग स्लिप, नगद जम्मा भौचर, ऋण भौचर, आम्दानी भौचर, खर्च भौचर, वार्षिक प्रतिवेदन, बुलेटिन, हाते पुस्तिका, जरनल, शेयर प्रमाणपत्र, डायरी, क्यालेण्डर, परिचय पत्र डिजाइन आदि छपाई तथा आपुर्ति कार्य
३. फ्लेक्स, स्टीकर डिजाइन, होडिङ बोर्ड तथा साइनबोर्ड आदि आपुर्ति

**ख. इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स सम्बन्धी सामानहरु**

१. इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स सम्बन्धि सामानहरु आपूर्ति तथा सो सम्बन्धि सामानहरु मर्मत सम्भार समेतका कार्यहरु
२. कम्प्युटर, सर्भर, ल्यापटप, प्रिन्टर, क्यामेरा, बाह्य हार्ड डिस्क लगाएत कम्प्यूटर सम्बन्धि अन्य सामानहरु आपुर्ति तथा मर्मत कार्यहरु
३. CCTV/Alarm System/EPABX/Telephone Sets/Fire Alarm/Battery/AC/UPS/Fire Extinguisher/ Attendence Machine आदि सामानहरुको आपूर्ति तथा सो सम्बन्धि मर्मत सम्भार, रिफिलिङ जस्ता कार्यहरु
४. अफिस उपकरण, फोटोकपि, एयर कन्डिसन मेसिन, फेक नोट डिटेक्टर आदि आपुर्ति तथा सोमा लाग्ने पार्टपुर्जाहरु आपुर्ति तथा मर्मत सम्भारका कार्यहरु
५. प्रिन्टरको इन्क, कार्टेज, रिबन, टोनर, आपुर्ति तथा रिफिलिङ

**ग. मर्मत तथा सम्भार**

१. Networking Equipment/Connectivity/Services/IT Support/CCTV/AC Maintenance
२. अफिस फर्निचर (मेटल तथा काठको) फाइलिङ ऱ्याक (क्याबिनेट), टेबुल, कुर्सि, दराज आदि आपुर्ति तथा मर्मत कार्य
३. कार्यालयको ईन्टेरियर डिजाइन

**घ. अन्य सेवाहरु**

१. धितो मुल्यांकन कर्ता २. युनिफर्म ३. विज्ञापन, सूचना प्रकाशन/प्रसारण

**सूचीकृत हुने सम्बन्धमा थप जानकारीहरु :**

१. सूचीकरणको लागि पेश हुन आएको निवेदनसंग विवरण, क्षमता तथा दक्षतालाई आधार मानि निवेदन दिनेहरु मध्येबाट योग्य ठहरिएका विक्रेता/आपुर्तिकर्ताहरुलाई (फर्म, कम्पनी) मात्र सूचीकृत गरिनेछ ।
२. सूचीकृत हुनको लागि आवेदनमा सबै वा कुनकुन सामानहरु आपूर्ति र मर्मत कार्य गरिने हो । खुलाउनु पर्नेछ ।
३. सूचीकृत भएका फर्महरु मध्येबाट सामान तथा सेवाहरु आवश्यकता अनुसार सोझै खरिद, कोटेसन वा शिलबन्दी कोटेशन माध्यमबाट गरिने छ । तर सूचीकृत भएका सबै विक्रेता आपुर्तिकर्ता (फर्म कम्पनी) बाट सामान वा सेवा खरिद गर्न संस्था बाध्य हुनेछैन । सूचीकृत सेवा प्रदायक, आपूर्तिकर्ताबाट उपलब्ध हुन नसकेमा वा दर भाउ बढि भएमा बाह्य आपुर्तिकर्ताबाट नियम अनुसार सेवा लिने छ ।
४. संस्थाले बोलपत्रको माध्यमबाट सामान/सेवा खरिद गर्दाको हकमा भने सूचीकृत भएका/नभएका अन्य संस्था र कम्पनीले पनि माग लिन पाउने गरी कार्य गर्न सक्नेछ ।
५. स्वीकृत भएका विक्रेता, कम्पनी, फर्मबाट संस्थाको आवश्यकता अनुसारको सामान खरिद गर्न तथा सेवा प्राप्त गर्न सो काममा कोटेशन घटाघट वा बोलकबोलद्धार भाग लिन अनुरोध गरिने छ ।
६. अघिल्ला वर्षहरुमा संस्थामा सूचीकृत सेवा प्रदायकहरुले निवेदन र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि मात्र पेश गर्दा हुनेछ ।
७. आपुर्तिकर्ताहरु (फर्म कम्पनी) सूचीकृत गर्ने वा नगर्ने भन्ने सम्बन्धमा सम्पूर्ण अधिकार यस संस्थामा निहित रहनेछ ।

**कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.**
**पोखरा १३, कास्की**
फोन नं. : ०६१-५८०५६७, ५८५७९५, ५७६९८८
E-Mail : ccscltd@gmail.com